आदर्श कोतवाल गाउँपालिका

Aadarsh Kotwal Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

महेन्द्र आदर्श, बारा

Mahendra Aadarsh, Bara

मधेश प्रदेश, नेपाल

Madhesh Province, Nepal


पत्र संख्या (Letter No.) : ०७९/०८०

चलानी नं. (Ref. No.) : /

मिति (Date) : २०७९/१२/०५

# सटर भाडामा लगाउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।१२।०५ गते

यस कार्यालयको मिति २०७९।०३।२५ गतेको निर्णय बमोजिम आदर्श कोतवाल गा.पा. वडा नं. १ मा आदर्श कोतवाल गाउँपालिकाको टहरा भवनको कार्यालयसँगै निर्मित १४ (चौध) वटा सटरहरु भाडामा लगाउन पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्मले देहायका शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रितपूर्वकको सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | सटर संख्या | न्यूनतम मासिक भाडा दर (रु.) | दरभाउ पत्र फारम दस्तुर (रु.) | दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति | दरभाउ पत्र पेश गर्ने अन्तिम मिति | दरभाउ पत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | १४ (चौध) | २५००/- | ५००/- फिर्ता नहुने गरी | २०७९/१२/१२गते कार्यालय समयमा | २०७९/१२/१३गते मध्यान्ह १२:०० बजे सम्म | २०७९/१२/१३ गते दिउँसो २:०० बजे |

शर्तहरू

१. दरभाउपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा भए नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्र स्थायीय लेखा प्रमाण पत्रको प्रतिलिपी आ.व. २०७८/०७९ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी र प्रोपाईटरको नागरिकता प्रमाण पत्रको प्रतिलिपी निवेदन साथ पेश गर्नु पर्नेछ।

२. वार्षिक भाडावापत कबोल गरेको कुल रकमको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. ००२१५४३५२९९ आदर्श कोतवाल शाखामा दाखिला गरी सो को सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

३. सम्झौता अवधि ५ (पाँच) वर्षको हुनेछ। सम्झौता बखत ६ महिनाको भाडा रकम अग्रीम दाखिला गर्नुपर्नेछ। बाँकी भाडा रकम सम्झौता बमोजिम हुनेछ ।

प्रमोद कुमार साह

प्रमुख प्रशासकिय अधिकृत

# आदर्श कोतवाल गाउँपालिका
## Aadarsh Kotwal Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
महेन्द्र आदर्श, बारा
Mahendra Adarsh, Bara
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या (Letter No.): ०७९/०८०
चलानी नं. (Ref. No.): /
मिति (Date): २०७९/१२/०५

४. पानी र बिजुली महशुल सटर भाडामा लिनेले स्वयंले व्यहोर्नपर्नेछ, सो सम्बन्धी थप शर्त सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

५. जुन प्रयोजनका लागि सटर भाडामा लिइको हो, सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ। अन्यथा पाइएमा सम्झौता खारेज गरी सटर खाली गराईनेछ ।

६. स्वास्थ्यलाई प्रतिकुल असर पार्ने तथा प्रचलित कानुनले निषेध गरेका वस्तु/सेवा विक्रीवितरण तथा प्रयोग गर्न पाइने छैन ।

७. सिलबन्दी दरभाउ पत्र खोल्दा कार्यालयका प्रतिनिधी एंव दरभाउपत्रदाताहरु प्रतिनिधिको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाता प्रतिनिधीहरु अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउपत्र खोल्ने बाधा परेको मानिननेछ ।

८. एउटा व्यक्ति वा फर्मले एकभन्दा बढी दरभाउपत्र खरिद तथा दाखिल गर्न पाउने छैन ।

९. पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्ये सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदाताको प्रस्ताव स्विकृत गरी सम्झौता प्रकृया अगाडि बढाईनेछ । निजले म्याद भित्र रितपूर्वक सम्झौता नगरेमा निजको धरौटी जफत गरी दोस्रो बढि कवोल गर्ने सँग सम्झौता गरिनेछ ।

१०. तोकिएको म्याद नाघी आएको, रित नपुगेको, कुनै शर्त राखी पेश भएको सूचनाका शर्तहरु विपरित भएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन।

११. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

...................
प्रमोद कुमार साह
प्रमुख प्रशासकीय अधिकृत